प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०५/१९
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३८४, चितवनमा ८२, भक्तपुरमा ४०, ललितपुरमा ३४, मकवानपुरमा २३, धादिंगमा १६, रामेछापमा १४, काभ्रेपलान्चोकमा १०, नुवाकोटमा ५, सिन्धुपाल्चोकमा ४, दोलखामा ३, सिन्धुलीमा २ र रसुवामा १ गरी जम्मा ६१८ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाण्डौ-३०, गैरीगाउँ निवासी ८२ वर्षिया महिलाको मिति २०७७ भाद्र १८ गते शुक्रराज ट्रिपकल तथा सरुवारोग अस्पतालमा निधन भएको छ । सुमेरु अस्पतालमा मृगौलाको उपचार गराइरहेकी निजलाई स्वास्थ्यमा गम्भीर समस्या भई भाद्र १८ गते विहान ९:०० बजे शुक्रराज ट्रिपकल तथा सरुवारोग अस्पतालको आइ.सि.युमा भर्ना गरीएको थियो । निजको भाद्र १८ गते कोरोना पुष्टी भएको थियो ।

- चन्द्रागिरी नगरपालिका, थानकोट, काठमाण्डौ निवासी ६७ वर्षिया महिलाको मिति २०७७ भाद्र १८ गते श्री विरेन्द्र अस्पताल, छाउनीमा निधन भएको छ । उच्च रक्तचाप, मधुमेह तथा मृगौलाका विरामी निजको भाद्र १२ गते कोरोना पुष्टी भएको थियो । त्यस्तै चन्द्रागिरी-९, काठमाण्डौ निवासी २२ वर्षिया महिलाको भाद्र १७ गते ११ बजे राती घरमै सुत्करी भएको र सुत्केरी भए पश्चात अकस्मात वेहोश भई प्रसुती अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको छ । निधन पश्चात भाद्र १८ गते स्वाव नमुना संकलन गरी परिक्षण गर्दा निजको भाद्र १९ गते कोरोना पुष्टी भएको छ ।

- राप्ती-९, चितवन निवासी ३५ वर्षिया महिलाको मिति २०७७ भाद्र १८ गते भरतपुर अस्पताल, चितवनमा निधन भएको छ । खोकी तथा श्वास प्रश्वासमा समस्या भई भाद्र १४ गते भर्ना भएकी निजको भाद्र १७ गते कोरोना पुष्टी भएको थियो । निज ३ महिना देखी मृगौलाको समस्यले डायलाइसिस गराइरहेकी हुनुहुन्थ्यो।

- हेटौडा-११, मकवानपुर निवासी ५२ वर्षीय महिला चितवन मेडिकल कलेजमा मिति २०७७ भाद्र ११ गते सिकिस्त अवस्थामा छातीमा समस्या भइ भर्ना हुनु भएको थियो र सोहि दिन कोरोना पुष्टि भएको थियो भने सघन उपचार कक्षमा भेन्टिलेटरमा राखी उपचारार्थ अवस्थामा २०७७ भदौ १९ गते निधन भएको छ । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको त्याईस प्रतिशत (२२.७९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको

छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ४४२३६ (१००%) | १००८० (१००%) |
| निको भएको | २५५६१ (५७.८%) | २०६७ (२०.५%)* |
| उपचाररत | १८४०४ (४१.६%) | ७९३९ (७८.९%)* |
| मृत्यु भएको | २७१ (०.६%) | ७४ (०.६%)* |

श्रोतः - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१९; - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१९

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७३४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २१३७ जना बस्दै आउनुभएको र १४४७ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा ३१४० वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३४०३ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको बिभिन्न जिल्ला बाट प्राप्त विवरण अनुसार ७२८२८ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ३८४ | ६०१२ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ३४ | ८५३ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | १०९ | ५६६७ | ४० | ६४० |
| रसुवा | २७८ | ७ | ११ | ३५ | १ | ७९६ | १ | २० |
| नुवाकोट | ११७७ | १६५७ | ६६ | ४० | २१ | ३६२८ | ५ | १०० |
| धादिङ | ३१५ | २६ | २३ | ८७ | २० | २६२४ | १६ | २५१ |
| चितवन | २४६५ | ५५ | ६१६ | ३५५ | ६१७ | १३६८८ | ८२ | ९६७ |
| सिन्धुली | ३९२ | १४ | ९ | ४३ | २५ | २४८८ | २ | ९२ |
| मकवानपुर | ४०७ | १४ | ० | २१७ | ६० | ६३३३ | २३ | ६१७ |
| रामेछाप | ४९० | ६५ | ० | ११४ | ९ | ४९९ | १४ | ८९ |
| दोलखा | ९८६ | ६० | ० | २७ | १३ | १६५५ | ३ | ७० |
| काभ्रेपलान्चोक | ९०९ | ५९ | १०९ | २०९ | १३९ | ३३८८ | १० | २५४ |
| सिन्धुपाल्चोक | ७८९ | ३० | १०१ | ५६ | ७ | ३२३९ | ४ | ११५ |
| जम्मा | ९७३४ | २१३७ | १४४७ | ३१४० | ३४०३ | ७२८२८ | ६१८ | १००८० |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रदेश प्रयोगशाला | २१०१४ | १५९ | १८४ | १९ जना: मकवानपुर-१९, फलो-अप-१५ | १५० | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | २५६४ | १५३ | १३५ | २२ जना: भक्तपुर-८, काभ्रेपल्लान्चोक-६, चितवन-२, रामेछाप-१, ललितपुर-१, दोलखा-१, लम्जुंग-१, सल्यान-१, अर्घाखाँची-१ | ११३ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको  विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१९

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१९

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यवस्थापन केन्द्र: ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई